मिति २०७३/९/१७ गतेका दिन मकवानपुरका प्र.जि.अ. श्री नारायणप्रसाद शर्मा दुवाडीज्यूको अध्यक्षतामा सडक बिस्तारको सम्बन्धमा बसेको बैंठकबाट निम्न निर्णय गरियो ।

निम्नः-

१. सडक डिभिजन कार्यालय, मकवानपुरबाट सडक सिमाभित्र परेका सरकारी संरचनाहरु हटाई सडक बिस्तार गर्ने कार्य संतोषजनक पाईएको । यस कार्यलाई थप प्रभावकारी तुल्याउन प्रत्येक दिनको कार्य योजना डिभिजन सडक कार्यालयले तयार गरी सोही बमोजिम समन्वयात्मक रुपमा कार्य गर्ने व्यवस्था मिलाउने ।

२. सडक सिमाभित्रका सार्वजनिक जग्गाको लगत कट्टा, मार्किङ्ग लगायतका कार्यहरु गर्नका लागि तपशिलका कार्यालयहरुको प्रतिनिधि रहेन गरी डिभिजन सडक कार्यालयको अधिकृतको संयोजकत्वमा १ (एक) प्राबिधिक समिति गठन गर्ने ।

तपशिलः-

मालपोत कार्यालय,
नापी कार्यालय,
हेटौंडा उपमहानगरपालिका कार्यालय, हेटौंडा,
भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र,
डिभिजन सडक कार्यालय, हेटौंडा ।

३. सडक बिस्तारको क्रममा र सो पश्चात् पनि सार्वजनिक सेवा प्रवाहमा कुनै अवरोध आउन नदिई सेवा सहज बनाई राख्न जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिमका कार्यालयहरुका अधिकृत प्रतिनिधि रहेको एक सहजिकरण एवं समन्वय समिति गठन गर्ने ।

तपशिलः-

मालपोत कार्यालय, मकवानपुर ।
नापी कार्यालय, मकवानपुर
जिल्ला वन कार्यालय, मकवानपुर ।
हेटौंडा उपमहानगरपालिका कार्यालय, हेटौंडा ।
हेभि ईक्यूपमण्ट डिभिजन, हेटौंडा ।
डिभिजन सडक कार्यालय, मकवानपुर ।
जिल्ला प्रहरी कार्यालय, मकवानपुर ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय, हेटौंडा ।
नेपाल विद्युत् प्राधिकरण, वितरण केन्द्र, हेटौंडा ।
नेपाल दुरसंचार केन्द्र, हेटौंडा ।
हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड, हेटौंडा ।

४. सार्वजनिक सेवा प्रवाह सहजीकरण एवं सडक बिस्तार सम्बन्धी कार्यको अनुगमन गरी आवश्यक निर्देशन दिन प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहायको समिति गठन गर्ने ।

तपशलिः-

प्र.जि.अ. श्री नारायण प्रसाद शर्मा दुवाडी - संयोजक
प्र.उ. श्री बसन्त कुमार लामा - सदस्य
स्था.वि.अ. श्री नारायण प्रसाद मैनाली - सदस्य
स.प्र.जि.अ. श्री हरिप्रसाद पन्त - सदस्य